

स्थानीय राजपत्र

खण्ड १) गोल्जुङबेशी रसुवा मिति २०८०।१२।२० (अतिरिक्ताङ्क १६

भाग-२

आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले आमाछोदिङमो गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७७ बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आमाछोदिङमो गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावनाः नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) वमोजिम गाउंपालिकाले वनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

आमाछोदिङमो गाउँपालिका स्थानीय राजपत्र

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निधर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमना ढांचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र विक्री वितरणको प्रवन्ध गर्न गाउंपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) क्मोजिम आमाछोदिङमो गाउँ कार्यपालिकाको मिति २०७७।११।२३ मा वसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

भाग- १

प्रारम्भिक

१. कार्यविधिको नामः यस कार्यविधिको नाम "स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७७"
रहेको छ ।

२. कार्यविधि लागू हुनेः यो कार्यविधि आमाछोदिङमो गाउँ कार्यपालिकावाट पारित भएको मितिदेखि लागू हुनेछ ।

भाग- २

स्थानीय राजपत्रको भाग र ढाँचा

३. स्थानीय राजपत्रको भागहरुः स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. स्थानीय राजपत्रको ढाँचाः स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए वमोजिम हुनेछ

५. खण्डको व्यवस्थाः स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा पहिलो पटक राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७७ साललाई १, २०७८

आमाछोदिङ्गो स्थानीय राजपत्र

सालालाई २) लाई १ कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. स्थानीय राजपत्रको संख्याः (१) स्थानीय राजपत्रको संख्या कायम गदां क्रमशः प्रकाशन भएको संख्याको आधारमा संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष शुरु भएपछि नयां संख्याबाट शुरु गरिनेछ ।

9 स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः स्थानीय राजपत्र प्रकाशन गदां विषयवस्तुसंग सम्वन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने। त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः स्थानीय राजपत्र आमाछोदिङमो गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गदां राज व हो अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको 'भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

भाग- ३

स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

आमाछोदिङमो स्थानीय राजपत्र

९. स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि काय विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको शाखा वा एकाइवाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१० प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः (१) प्रकाशन हुने सामग्री गाउँ कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइवाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख अनुसूची ३ वमोजिम दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा २० वमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग / महाशाखा/शाखा, र

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः गाउपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउंपालिकाको वेभ साइटमा छुट्टै खण्ड अलग पोर्टल) निमाण गरी सोवाट समेत सार्वजनिक गरिनेछ ।

१४. विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय वमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ.

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा वडा कार्यालय वा आमाछोदिङमो गाउंपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई विक्री गरेमा वार्षिक रु. १०००/- (एक हजार रुपैयां मात्र।

(ख) खुद्रा बिक्री गर्दा स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर विक्री मूल्य तोकिएको छ ।

१ देखि ८ पेज सम्म एक प्रतिको

रु.५ मात्र

रु.१० मात्र

रु.१५ मात्र

रु.२० मात्र

रु.२५ मात्र

९ देखि २४ पेज सम्म एक प्रतिको

२५ देखि ४० पेज सम्भ एक प्रतिको

आमाछोदिङमो स्थानीय राजपत्र

४१ देखि ५६ पेज सम्म एक प्रतिको

५७ देखि ७२ सम्म एक प्रतिको

७३ देखि ९६ सम्म एक प्रतिको

रु.५० मात्र

९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रनि पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने स्थानीय राजपत्र विक्री वापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. कार्यविधिको व्याख्याः यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. बचाऊः यो कार्वा◌िध लागू हुनुभन्दा अगावै गाउँपालिकाल पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

आमाछोदिङमा स्थानीय राजपत्र

अनुसूची- १

(दफा ३ संग सम्वन्धित)

स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

भाग-१

यस भागमा स्थानीय सभावाट पारित भई सभाको अध्यक्षवाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

भाग-२

यस भागमा गाउं कायपालिकावाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसंग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ । माथि उल्लेखित दर कायम गदां नेपाल राजपत्रको प्रचलित विक्री दरलाई आधार लिइएको छ । गाउँ सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची- १

'दफा ४ तथा अनसूची-१ को भाग-१ संग सम्बन्धितः

आमाछोदिङमो गाउँपालिका

स्थानीय राजपत्र

खण्डः.....सख्याः..... मितिः.....

भाग-१

आमाछोदिङमो गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित।



आमाछोदिङमो गाउपालिका

स्थानीय राजपत्र.

खण्डः.....संख्या... मितिः.....

भाग-२

आमाछोदिङमो गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अकों स्थानीय तहसंग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची ३

-(दफा ११ उपदफा ३ संग सम्वन्धित)

आमाछोदिङमो गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशनको अभिलेख किताव

क्र.सं.	प्रकाशन मिति	प्रकाशित दस्तावेजको नाम	वर्ष	अंक	भाग	प्रमाणित गर्ने प्र.प्र.अ.

आज्ञाले,

नामः गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र